# नेपालको संविधान २०७२ मा महिलाको हक अधिकार सम्बन्धि व्यवस्थाहरु

➢**प्रस्तावना**

n}lङ्क विभेद अन्त्य गर्ने समानुपातीक समावेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने ।

➢**नागरिकता सम्बन्धि व्यवस्था** (भाग २) को

**धारा १२** मा वंशिय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता

जसमा यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ ।

# निरन्तर..........

## भाग ३ को मौलिक हक तथा कर्तव्यमा समावेश महिलासँग सम्बन्धित हकहरु

- धारा १६ सम्मानपुर्वक बाँच्न पाउने हक
- धारा १७ स्वतन्त्रताको हक
- धारा १८ समानताको हक
- धारा २१ अपराध पिडितको हक
- धारा २८ गोपनियताको हक
- धारा २९ शोषण विरुद्धको हक
- धारा ३३ रोजगारीको हक
- धारा ३८ महिलाको हक
- धारा ४२ सामाजिक न्यायको हक
- धारा ४३ सामाजिक सुरक्षाको हक

## नेपालको संविधान २०७२ को
## धारा ३८ मा उल्लेखित महिलाको हकसम्बन्धि व्यवस्था

(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि हक हुनेछ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्ने वा गरिनेछैन ।

यस्तो कार्य कानुन बमोजिम दण्डनिय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । ,

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुनेछ ।

# निरन्तर............

- भाग २७ अन्तर्गत धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था
- धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धि नीति
- भाग ६ राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धि नीति - राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग र समुदायको हुनुपर्ने ।
- भाग ८ संघिय व्यवस्थापिका -

धारा ८४ (प्रतिनिधि सभाको गठन) - (२) समानुपातीक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उमेदवारी दिँदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सुचिका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघिय कानुन बमोजिम हुनेछ । (८) संघिय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनुपर्नेछ ।

धारा ८६ (राष्टिय सभाको गठन र सदस्यहरुको पदावधि - (२) (क) प्रत्येक प्रदेशबाट कम्तिमा तीनजना महिला । र (ख) नेपाल सरकारको सिफारिसमा राष्टपतिबाट मनोनित कम्तिमा एकजना महिला ।

# निरन्तर...............

- धारा ९१ (प्रतिनिधि सभाको समामख र उपसभामुख) - (२) प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एकजना महिला हुने गरि गर्नुपर्नेछ ।
- धारा ९२ (राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष -(२) राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुनेगरि गर्नुपर्नेछ ।

**भाग १४ प्रदेश व्यवस्थापिका** - धारा १७६ को (६) र (९), धारा १८२ (२)

**भाग १७ स्थानिय कार्यपालीका** -धारा २१५ को (४), धारा २१६ को (४) र धारा २२० को (३)

**भग १८ स्थानिय व्यवस्थापिका** - धारा २२२ को (३) धारा २२३ को (३)

# नेपालको विभिन्न ऐनहरुमा भएका महिलाको हक अधिकार सम्बन्धि व्यवस्थाहरु

### मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४

- महिला विरुद्ध हुने हिंसाहरु जस्तै जवरजस्ती करणी शरिर बन्धक राख्ने जस्ता अपराधलाई गम्भिर फौजदारी अपराधको रुपमा वर्गिकरण गरि सरकारवादी मुद्दाको सुचिमा समावेश गरिएको छ ।

### मुलकी अपराध संहिता, २०७४

- करणी सम्बन्धि कसुरमा नयाँ व्यवस्था गरेको छ । जसअनुसार १८ वर्षभन्दा मुनीको कुनै बालीकालाई मञ्जुरी लिएर करणी गरेमा जवरजस्ती करणी मानिने व्यवस्था छ । उक्त संहिताको महिलाको शारीरिक सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन् स्वास्थ्य सम्बन्धि अधिकारको सुरक्षा, गर्भसंरक्षण र गर्भपतनमा महिलाको मञ्जुरी हुनुपर्ने अधिकारवादी अवधारणा अघि सारेको छ ।

# निरन्तर........

- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३
- यातना सम्बन्धि क्षतिपुर्ति ऐन, २०५३
- राष्ट्रिय महिला आयोग ऐन, २०७४
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केहि नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२
- .घरेलु हिंसा (कसुर सजाय) ऐन, २०६६ आदि ऐनहरुमा महिला सुरक्षा सम्बन्धि विभिन्न व्यवस्थाहरु भएका छन् ।
- निजामति सेवा ऐन २०४९ मा निजामति सेवा प्रवेशको लागि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा अधिकतम ४० वर्ष उमेर तोकिएको छ ।

# नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति, रणनिती तथा कार्ययोजनाहरुमा भएका महिलाको हक अधिकार सम्बन्धि व्यवस्थाहरु

- लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६६
- महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धीको कार्यान्वयन सम्बन्धि राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता र महिला सशक्तिकरण सम्बन्धि राष्ट्रिय कार्ययोजना, २०६१
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्बन्धि राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७
- मानव बेचविखन तथा ओसार पसार नियन्त्रण सम्बन्धि राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१
- विभिन्न आवधिक योजनाहरु आदि ।
- पन्ध्रौं पञ्चवर्षिय योजना (२०७६/७७-२०८०/८१)

**संरचनागत व्यवस्थाहरु :** महिला हक अधिकारको कार्यान्वयनका निम्ति संवैधानिक तथा कानुनी व्यवस्थाका अतिरिक्त ति व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था गरेको छ ।

- राष्ट्रिय महिला आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरु ।
- प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ वटा स्थानिय तहमा महिला विकास इकाई शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क विन्दु
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायि बजेट समिती
- मानव बेचविखनबाट पीडित तथा प्रभावित महिलाहरुका लागि पुनःस्थापना केन्द्र
- घरेलु हिंसाबाट पिडित तथा प्रभावित महिलाहरुका लागि सेवा केन्द्र

# निरन्तर.............

- हिंसा पिडितहरुको सेवाको लागि अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्रहरु
- नेपाल प्रहरीमा मानव बेचविखन तथा अनुसन्धान ब्युरो
- स्थानिय तहमा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निशुल्क कानुनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिल
- बार एशोसिएनबाट निशुल्क कानुनी सहायता
- आदि.....